Damak Campus Journal 2025, **14 (1): 155-177**
ISSN : 2565-4772 (Print)
DOI: https://doi.org/10.3126/dcj.v14i1.89309

# जयराज भट्टराईको *फ्राइडे कन्फ्यूजन*मा सामयिक चेतना

शिवप्रसाद रेग्मी
नेपाली शिक्षण विभाग
दमक बहुमुखी क्याम्पस
Email: shivaregi630@gmail.com

## लेखसार

प्रस्तुत आलेखमा कथाकार जयराज भट्टराईको कथा सङ्ग्रह 'फ्राइडे कन्फ्युजन'भित्रका कथामा सामयिक चेतनाको खोजी गर्ने उद्देश्य राखिएको छ । यो आलेख तयार गर्न पुस्तकालयीय पद्धतिमा केन्द्रित रहेर गुणात्मक अध्ययन र व्याख्यान पद्धतिको अनुसरण गरिएको छ । खासगरी आजको नवीन सोच र चिन्तनको परिप्रेक्ष्यमा कथाहरूले कसरी सामयिक चेतना प्रस्तुत कुराको खोजी कथामा गरिएको छ । उत्तरआधुनिक चेतमा रहेर लेखकले समयलाई कथामा कसरी प्रवेश गराएका छन् भन्ने ध्येय यसमा छ । वर्तमान परिवेशमा युवापुस्ता वैदेशिक रोजगारीका नाममा देश छाड्न बाध्य छ । विदेशमा अनेकौँ हण्डर, ठक्कर खाएर पनि घरका लागि जागिरमा बस्न विवश छ । देशभित्रै पनि सत्ताको राजनीति गर्नेहरूले सर्वसाधारणलाई अनेकौँ प्रलोभन देखाएर सत्ता हत्याइरहेका छन् । ज्येष्ठ नागरिकहरूका आफ्नै समस्याहरू छन् । गरिबीको चपेटामा परेका श्रमजीवीका समस्याहरू छन् । देशभित्र पनि श्रमजीवीहरू नै पीडामा छन्, विदेशमा पनि श्रमजीवीहरू नै पीडामा छन् । सहरमा पनि उनीहरू नै पीडामा छन् । गाउँमा पनि उनीहरू नै पीडामा छन् । तिनै पीडैपीडाका अनन्त शृङ्खलाहरू कथाकार भट्टराईका 'फ्राइडे कन्फ्युजन' संग्रहका कथाभित्र समेटिएका छन् । तिनै कथामा भेटिएका समस्याहरू युगीन चेतनामा विचार सम्प्रेषण गर्न कति सबल र सफल छन् भन्ने कुराको खोजी यहाँ भएको छ । सबैजसो कथाका मूलपात्रहरू उपल्ला पात्रहरूको सिकार भएका छन् । आफ्नै कार्यालयको हाकिम, काम लगाउने मान्छे, काम दिने कम्पनी, टाठो छिमेकी, आफ्नै श्रीमान्, धूर्त राजनेता आदि जस्ताहरूबाट आफ्नै मातहतको सानो मान्छे सिकार भएको छ । आर्थिक जटिलताबाट पीडित भएकाहरू त्यसका विरुद्धमा सशक्त एकजुट भएर प्रतिकार गर्नसक्ने अवस्था कतै बन्न सकेको छैन । विद्रोह गरेर परिवर्तन गर्ने भन्दा पनि अवस्थाको चित्रण गर्ने भावात्मक युद्ध भएका यस सङ्ग्रहका कथाले सामयिक चेतना प्रस्तुत गरेका छन् ।

**मुख्य शब्दावली :** चेतना, भावात्मक, भ्रष्टीकरण, मनोवृत्ति, युद्ध, सिंहावलोकन, सामयिक

## परिचय

वि.सं. २०४१ सालमा जन्मिएका कथाकार जयराज भट्टराई युवा पुस्ताका अब्बल कथाकार हुन् । कक्षा-६ मा अध्ययन गर्दादेखि नै कथालेखन प्रारम्भ गरेका कथाकारको पारिवारिक वातावरण नै साहित्यमय रहेको थियो र छ पनि । पिता कमलराज भट्टराई, माता निर्मला भट्टराईका सन्तानका रुपमा जन्मिएका भट्टराईको घरायसी वातावरण नै साहित्यमय हुने भएकाले बाल्यकालदेखि नै उनको आकर्षण त्यतातिर बढेको देखिन्छ । व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका भट्टराईको पहिलो रचना भने २०५० सालमा गोरखापत्रमा प्रकाशित 'कर्तव्य' शीर्षकको बाल कविता हो । पहिलो कथा चाहिँ २०५३ सालमा हिमालय टाइम्स दैनिक पत्रिकामा प्रकाशन भएको 'माग्नेको कथा'हो ।

घरायसी वातावरण नै साहित्यमय भएकाले उनलाई प्रत्यक्ष प्रेरणा आफ्नै बुबाआमा, काका-काकी लगायतबाट प्राप्त भयो । प्रा.डा. गोविन्दराज भट्टराई, डा. तुलसी भट्टराई, डा. अञ्जना शर्मा, डा. व्यञ्जना शर्मा, देवेन्द्र भट्टराई लगायतका व्यक्तिहरू घरभित्रै भएपछि उनमा पनि त्यो गुण वंशानुगत र वातावरणीय हुँदै आएको देखिन्छ । खासगरी भट्टराईमा कथाको 'वस्तु'ले आकर्षण गरेकाले उनको लगाव कथामा बढेको छ । ध्रुवचन्द्र गौतम, मनु ब्राजाकी, नारायण ढकालजस्ता कथाकारहरूको कथाकारिताबाट प्रभावित भट्टराई अंग्रेजी भाषाका कथाकार रेमण्ड कार्भरका कथाहरूबाट आफू अत्यन्त प्रभावित भएको कुरा उनको आफ्नै स्वीकारोक्ति छ (***फ्राइडे कन्फ्यूजन* भूमिका**)। अध्ययनकर्म पूरा गरेपछि केही समय सन् २०१० जुनदेखि २०११ मार्चसम्म खाडी मुलुक कतारमा वैदेशिक रोजगारीको अनुभवसमेत समेटेका भट्टराईका कथाहरूमा डायस्पोरिक चरित्र पनि आएका छन् । भर्खर चार दशक पार गर्दै गरेका कथाकार भट्टराईको लेखनशिल्प अत्यन्त चित्ताकर्षक छ । कौतूहलपूर्ण कथानकको बुनोट रहेको छ । सुखद भविष्यको कल्पना गर्ने पात्रहरूको विवशता प्रस्तुत गर्दै सामाजिक यथार्थको विनिर्मित चित्रण गर्न सक्षम कथाकार भट्टराई हाल दमक बहुमुखी क्याम्पसमा व्यवस्थापन संकाय अन्तर्गतका प्राध्यापक हुन् ।

कथाकार भट्टराई नयाँयुगको चिन्तन प्रस्तुत गर्ने कथाकार हुन् । वर्तमान समयको सामयिक चेतना प्रस्तुत गर्ने उनका कथाहरूले समयका अनेकौं परिदृष्यहरूलाई सरल तर युगीन बनाएर प्रस्तुत गरेका छन् । उनका कथाले सदियौंदेखि दबेर रहेका सवार्ल्टनिकहरूको

आवाजलाई बुलन्द बनाउने प्रयत्न गरेका छन् । "उपेक्षितवर्ग र आवाज विहीनहरूलाई, उनीहरूका मुद्दालाई केन्द्रमा राखेर साहित्य लेखनको काम अहिले विश्वभर वौद्धिक समुदालयले गरेको छ । सम्भ्रान्तवर्गमा पृष्ठपोषणका विरुद्धमा आवाज घन्किएको छ"(श्रेष्ठ, २०६८, पृ.५)। भट्टराईका धेरै पात्रहरू सम्भ्रान्तवर्गका विरुद्धमा उत्रने प्रयास गरे पनि उत्रन सफल छैनन् । आवाज चाहिँ उठाउन सफल छन् ।

भट्टराईका कथाले विषयवस्तु, प्रस्तुतीकरण, भाषाशैलीजस्ता कुरामा त नवीनता खोजेकै छ । कथाको अन्तर्यमा पनि नवीनता खोज्ने काम गरेको छ । इन्द्रबहादुर राईले भनेजस्तै जीवन लीलामय छ । एउटै वस्तुमा अनेक रूपहरू छन् । द्रष्टाअनुसार वस्तुमा विविधता आउँछ भन्ने कुरा भट्टराईका कथामा आएको छ । इन्टरनेट डायरीमा डेरा बस्ने एउटा केटोलाई अर्को कोठामा बस्ने सानो केटोले ट्युसन पढाउने मास्टर देखेको छ । घरबेटीले प्रत्येक महिना भाडा तिर्ने ग्राहक देखेको छ । अजिना भाउजूले सँगै बस्ने साथी देखेकी छे । विदेशमा बस्ने अजिनाको श्रीमान्ले जार देखेको छ सायद । वैकल्पिकताहरूको लीलाबोधी व्याख्याजस्तै "वस्तु एउटैलाई द्रष्टा विभिन्नले थोक विभिन्न देख्ता रहेछन् भने यथार्थ त्यस वस्तुलाई कसैले पनि देखेको हुँदैन । कृष्ण कसैले देखेनन्, आआफ्ना कृष्णहरू देखे । यथार्थ सदा अगोचर छ । गोचरणीय रुपहरूमात्र । अनि रुपहरू परस्परमा एक अर्काका द्योतक । लेखनसिद्धान्त हामीले सिक्नुपर्छ यसबाट (धरावासी, २०७३, पृ.२७)।"

कथाकार भट्टराईका कथाको अर्को विशेषता भनेको भाषिक विविधता हो । उनको कथाकारिता भाषिक विविधताले पनि विशिष्ट छ । भाषामा विचलन छ । भाषाबाट विषयको विनिर्माण छ । आजको पुस्ताअनुसारको भाषिक प्रयोगमा यिनका कथा अत्यन्त प्रभावोत्पादक छन् । एउटा शब्दको विपर्यासले अर्थमा समेत विनिर्माण गराइदिन्छ । हाम्रो मनस्थितिमा निर्मित अर्थको धार परिवर्तन भएर नयाँ कुरा भइदिन्छ । ज्याक डेरिडाले प्रारम्भ गरेको विनिर्माणलाई नेपाली भाषामा थुप्रै लेखकले अनुसरण गरे । केन्द्रिक प्रवृत्तिलाई उल्टाएर सीमान्तीकृतहरूलाई केन्द्रतिर ल्याउन खोजे । नव केन्द्रको निर्माण गरे । पछाडि छोडिएका कुराहरू, अर्थहरू, सीमान्तीकृत अर्थहरूको खोजी गरे । नेपाली साहित्यमा इन्द्रबहादुर राईले सीमान्तीकृत अर्थलाई केन्द्रमा ल्याएर देखाए र स्थीर अर्थको उच्छेदन गरे (भट्टराई २०६३, पृ.२५)। अर्थहरूको अनिश्चिततालाई यस संग्रहका कथामा कथाकारले उभ्याउन खोजेका छन् । कुनै पनि कृतिलाई आफैंमा पूर्ण मान्न सकिँदैन र त्यसको निश्चित अर्थ पनि भन्न सकिँदैन । लेखकले पनि आफ्नो कृतिलाई अर्थ यही हो भन्न सक्दैन वा पाउँदैन । समालोचक वा

समीक्षकले पनि अन्तिम व्याख्या दिएको छु भन्न पाउँदैन । (भट्टराई २०६३, पृ.३०)आफूले भन्न नसकेका वा भन्न छुटेका विषयहरूलाई लेखकले पाठकका जिम्मा लगाएर पाठक वा श्रोताको मूल्य निर्धारण गर्नु सामयिक चेतना हो । आजको समय अरूको विचारमा मात्र केन्द्रित र अरूका विचारबाट निर्देशित छैन । त्यही कुराको विचार लेखकका कथाले बोल्छन् । आफ्नै अनुहारमा आफूलाई चिनाउने छुट सबैलाई छ । लेखक, पाठक, कलाकार, विचारक सबैसबै आआफ्नै क्षमतामा उभिनुपर्ने दिनको खोजी गर्ने जिम्मा कथाकारले पाठकलाई छोडेका छन् । पाठक मात्र होइन, कथाका पात्रलाई पनि अरूका छाया वा क्षमतामा उभिएर आफ्नै अर्थ र परिवेशमा उभिन बाटो छोडेका छन् । आफैँले प्राप्त गरेको क्षमतामा आफैँलाई हिँडाउने चरित्रका पात्रहरूको खोजी गरेका छन् ।

भट्टराईका कथाहरूले पात्रहरूको मानसिक अन्तर्द्वन्द्वलाई पनि राम्रो चित्रण गरेका छन् । सामान्य मनोविज्ञान, यौन मनोविज्ञान, यात्रा मनोविज्ञानजस्ता मनोवैज्ञानिक पक्षमा पात्रहरूलाई हिँडाएका छन् । व्यक्ति कुण्ठा र अन्तर्द्वन्द्वको अवस्थामा उभिएपछि चिन्तित बन्न पुग्छ, जो उसको अहम्को उपयुक्तताका निमित्त खतरापूर्ण हुन्छ । यस्तो चिन्तात्मक तनावपूर्ण स्थितिको जब व्यक्तिले सजिलै हल गर्न सक्दैन तब उसले विभिन्न अप्रत्यक्ष सुरक्षात्मक ढङ्ग अपनाउन पुग्छ (भण्डारी- २०५८, पृ.७२) । भट्टराईका कथामा थुप्रै पात्रहरू उक्त मनोद्वन्द्वबाट गुज्रिएका छन् । चाहे वैदेशिक रोजगारीमा होस्, चाहे पारिवारिक घरायसी वातावरणमा होस्, चाहे सामाजिक जनजीवनमा होस् वा यौनजनित चेतनामा होस् । घाइते ठिटोको कथामा ठिटो युवतीको विहेको कुरा थाहा पाएपछि अप्रत्यक्ष सुरक्षात्मक ढङ्ग अपनाउन साथीसँग भट्टी छिरेको छ । मिसन अधुरोमा विवाहित केटो उसकी सँगै पढ्ने साथीको फोनबाट विचलित बनेको छ । श्रीमतीले थाहापाई कि भन्ने कुराले तनावग्रस्त बनेको अचेतन मनोविज्ञानले ग्रस्त छ । त्यस्तै 'इन्टरनेट डायरी' त भन् फ्रायडीय यौन मनोविज्ञानको अचेतनमनलाई चित्रण गर्ने कथा हो । कथाका धेरै पात्रहरूमा यस्तो अन्तर्द्वन्द्व रहेको छ । राजनीतिक, सामाजिक, मनोवैज्ञानिक, डायस्पोरिक सबैखाले पात्रहरूमा मानसिक अन्तर्द्वन्द्व छ र त्यो अन्तर्द्वन्द्वको अप्रत्यक्ष सुरक्षा ढङ्ग अपनाउन पात्रहरू उद्यत छन् । कति सफल छन् । कति असफल पनि छन् ।

कथाकार भट्टराईका कथामा आएको उत्तरआधुनिक सोच वा उत्तरवर्ती सोच, आधुनिकताको सोच, विशुद्ध पश्चिमेली मात्र भएर आएको छैन । डा.सञ्जीव उप्रेतीले भनेजस्तै मिश्रित ढङ्गमा आएका छन् (***फ्राइडे कन्?यूजन* भूमिका**)। कथाका घटनाहरू, पात्रहरू, परिवेशहरू हाम्रै वरपर घुमेका छन् । पात्रमा आएको विचार र चिन्तन हाम्रै मात्र रहेको छैन । विश्वजनीन युगीन

परिवेशको कुरा पात्रका मनोदशामा छ । आधुनिक प्रविधिले उसको क्रियाकलाप र काम प्रभावित छ । प्रभावित मात्रै होइन, केही हदसम्म आश्रित छ । यहाँ कथाकारका कथाहरूमा पनि उक्त आश्रितीकरणको अवस्था धेरै कथामा छ । पूर्ववर्ती केही नेपाली लेखकहरूले लिएको बागडोरलाई यहाँ भट्टराईका कथामा पनि संम्मिश्रण गरेको पाइन्छ ।

"इन्द्रबहादुर राई, ईश्वरबल्लभ तथा वैरागी काइँलाजस्ता आयामेली कवि तथा ध्रुवचन्द्र गौतम सरुभक्त जस्ता प्रयोगवादी नेपाली उपन्यासकारले पनि पश्चिमेली शैली तथा स्थानिक विषयवस्तुको त्यसैगरी मिश्रण गरेका छन् (उप्रेती २०६८, पृ.९९)।" भट्टराईका कथाहरूमा यी र यस्ता सामयिक विषयको चेत झाँगिएर आएको छ । समाजका विभेदीकरणहरू, पारिवारिक लगाव र परिवेशहरू, ज्येष्ठ नागरिकका मनोवृत्तिहरू, राजनीतिक भ्रष्टीकरणहरू, डायस्पोरिक अन्तरसम्बन्धहरू, शैक्षिक विसङ्गतिहरू, प्रेमिल मनोद्वन्द्वहरू र सामन्ती-शोषणका विरासतहरूका कुनाकाप्चामा पुगेर सामयिक चेतना भर्ने काम कथाकारले कथाका माध्यमबाट प्रस्तुत गरेका छन् । आजका पुस्ताले खोजेको सोच, भाव र चेतना पस्कनु नै भट्टराईको कथाकारिताको मूल पक्ष रहेको देखिन्छ । आउँदा कथामा अझ अगाडिको सोच उनका कथामा विस्तार हुन्छ भन्ने अपेक्षा गर्न सकिने धेरै आधारहरू छन् ।

**समस्या कथन तथा अध्ययनको उद्देश्य**

कथाकार जयराज भट्टराईका कथाहरूले सामयिक चेतना प्रस्तुत गरेका छन् । यसै कुरामा केन्द्रित रहेर कसरी सामयिक चेतना आएको छ भन्ने कुरालाई यसको समस्याका रुपमा लिइएको छ । कथाकारका कुन-कुन कथामा कस्तो सामयिक चेतना आएको छ र सामयिक विश्वमा चेतनाको उपयोग साहित्यमा भएअनुसार भट्टराईका कथामा भएको यसको स्तर कस्तो छ भन्ने कुरा नै यस अध्ययनको समस्या हो । यस समस्याको समाधानका लागि निम्न उद्देश्य राखिएको छ ।

क) कथाकारिताको विश्लेषण गर्नु तथा कथामा प्रयुक्त समसामयिक चेतनाको विश्लेषण र मूल्याङ्कन गर्नु यो लेखको उद्देश्य हो ।

## पूर्वकार्यको समीक्षा

कथाकार जयराज भट्टराईको 'प्राइडे कन्फ्युजन' कथासंग्रह प्रकाशित पहिलो कथासंग्रह हो । उनका कथाहरू फूटकर रुपमा पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०८०, वैशाखमा पहिलो प्रकाशन भएको 'प्राइडे कन्फ्युजन' संग्रहमाथि केही समीक्षा, केही दृष्टिकोणहरू आएका छन् । लेखक कथाकार बाँस्कोटा धनञ्जयले दमकबाट प्रकाशन हुने 'पूर्वसन्देश' दैनिकको विचार

पृष्ठमा लामो समीक्षा पेश गरेका छन् । कथागत सन्दर्भसहित अठारवटै कथाको समीक्षा गरेका छन् । त्यस्तै लेखक पत्रकार ज्ञानेन्द्र विवशले संक्षिप्त बिहङ्गावलोकन गरेका छन् ।

त्यसरी नै कान्तिपुर दैनिकको साहित्य विविध पेज 'फ्राइडे कन्फ्युजन' माथि विभिन्न विशिष्ट लेखकहरू डा. अभि सुवेदी, यसै पुस्तकको भूमिका लेखक डा.ध्रुवचन्द्र गौतमलगायत लेखकहरूले राखेका विचारसहित प्रकाशित भएको छ । त्यस्तै दमक क्याम्पस साहित्यिक मञ्चले पनि उक्त कृतिमाथि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो । यसरी कथाहरूमाथि सामान्य समीक्षाहरू भए पनि सामयिक चेतनाका दृष्टिले भट्टराईका कथाहरूमा अध्ययन बाँकी देखिएकाले त्यो दृष्टिकोणबाट 'फ्राइडे कन्फ्युजन' का कथाहरू अध्ययन गर्दा उपयुक्त देखिएला भन्ने लागेको छ ।

## अध्ययनविधि र सामग्री सङ्कलन

कथाकार जयराज भट्टराईका कथामा भेटिने सामयिक चेतनालाई गुणात्मक अनुसन्धानपद्धति र व्याख्यानविधिमा केन्द्रित रहेर अध्ययन गर्ने प्रयास गरिएको छ । यसका लागि प्राथमिक सामग्री संकलनको स्रोतका रूपमा जयराज भट्टराईको 'फ्राइडे कन्फ्युजन'कथा संग्रहलाई लिइएको छ भने द्वितीयक सामग्री संकलनका लागि पुस्तकालय, लेखकसँगको अन्तर्वार्ता/छलफल, अनलाइन सामग्रीजस्ता कुरालाई स्रोतका रुपमा लिइएको छ । आफैँसँग रहेका विभिन्न विद्वान्हरूका पुस्तक, दमक बहुमुखी क्याम्पसको पुस्तकालयमा रहेका सम्बन्धित पुस्तकहरूको अध्ययनबाट खोजी गरेका कुराहरू पूर्वीय र पाश्चात्य चिन्तनपरम्पराका पर्याधारमा पुष्टि गरिएको छ । कतिपय कुराका लागि थप पुष्टि गर्न अनलाइन सामग्रीको पनिउपयोग गरिएको छ । सूक्ष्म पठन तथा अर्थापन र व्याख्यान ढाँचाको उपयोग गर्दै खोजी गरिएको कुरालाई व्याख्यान र विश्लेषण गरिएको छ ।

## परिणाम र छलपल

### नेपाली कथा परम्परा र कथाकार भट्टराई

जीवन र जगत्का वरपर रहेका यावत् कुराहरूको समष्टि कथा हो । कथाले आफ्ना वरिपरिका घटना, परिवेश, मनोदशा, विचार र दृष्टिकोण प्रस्तुत गरेको हुन्छ । वस्तुलाई उनेर कथानक बनाउँदै त्यसलाई संप्रेष्य बनाउने काम कथाले गरेको हुन्छ । ससाना घटनालाई कलात्मक ढंगले परिवेश, मनोवृत्तिजस्ता कुरा पस्कने प्रवृत्ति आजका कथाको मूल चरित्र हो ।

कथा के हो ? कथाकस्तो हुनुपर्छ? भन्ने बारेमा विभिन्न चर्चा परिचर्चाहरू छन् । नेपालीकथा र विश्वका अन्य भाषाका कथाको प्रारम्भिक चरित्र आआफ्नै भएकाले कथामाथि राखिने दृष्टिकोण एउटै नहुन सक्छ । अंग्रजी भाषामा 'सर्ट स्टोरी' भनिने कुराहरू हाम्रामा कथा हुन्छन् । आयामका हिसाबले हाम्रामा 'लघुकथा' भनेका अत्यन्त छोटा कथाहरू हुन्छन् जो अंग्रेजीमा छैनन् । त्यसकारण कथामाथिको पूर्वीय र पाश्चात्य दृष्टिकोण एउटै नहुन सक्छ । तर, अहिले आएको विश्वव्यापी चिन्तनका कारण, अहिले विश्वको सहज सम्पर्क, वैचारिक अन्तर्घुलनका कारण कथाहरूको चरित्र उस्तैउस्तै बन्नपुगेको छ । त्यही उस्तैउस्तै बन्नपुगेकाले पनि सैद्धान्तिक धारणा उस्तैउस्तै बन्नु स्वाभाविक पनि हो ।

कथाको परम्परा 'कथन' पद्धतिबाट भएको हो । मान्छेको उत्पत्ति विकास सँगसँगै कथाको प्रारम्भ भएको हो । त्यसैले कथाको प्रारम्भ र विकास अति प्राचीनकालदेखि नै भएको हो भन्ने कुरामा कुनै शंका छैन । सम्भवत जब मानिसले भावप्रकाश गर्न भाषाको आविष्कार गऱ्यो त्यही समयदेखि उसले जङ्गलका या शिकारका साहसिक घटनाहरूको अनुभवलाई कथाका रूपमा अरूलाई सुनाउन सुरु गऱ्यो भन्ने कुरा भेटिन्छ (यात्री २०६४, पृ.१) ।

आजको कथा पश्चिमेली लेखन शैलीबाट प्रभावित भए पनि आख्यान उपाख्यानको समृद्ध इतिहास पूर्वीय परम्परामा रहेको पाइन्छ । वेद, पुराण र महाभारत तथा लोककथा र नीतिकथाको आफ्नै सुदीर्घ परम्परा पूर्वमा रहेको छ (बराल, घिमिरे २०६१, पृ.१)।

साहित्यका अन्य विधाका तुलनामा कथा अधिक लोकप्रिय विधा हो । कथाको लेखन इतिहास लामो भएपनि यसलाई परिभाषित गर्ने काम उन्नाइसौं शताब्दीमा पश्चिमी मुलुकका विद्वान्हरूले गरेका हुन् । आधुनिक कथाका जन्मदाताका रुपमा अमेरिकी कथाकार एडगर एलेनपोलाई मानिन्छ । उनले कथालाई यसरी परिभाषित गरेका छन् -लघुकथा यस्तो आख्यान हो जुन एकै बैठकमा पढिन सकिने होस् । एकै किसिमको प्रभाव पार्ने होस्...आधा घण्टादेखि एक घण्टासम्म बाच्न सकिने होस् (यात्री २०६४, पृ.२)। त्यसैगरी हिन्दी कथाकार प्रेमचन्दले कथालाई यो यस्तो रमणीय बगैँचा होइन जसमा अनेक फूल झाँग लगाएका हुन्छन् तर यो एक गमला हो जसमा एकै बिरुवाको माधुर्य समुन्नत रुपमा देखिन्छ -यात्री २०६४, पृ.३) भनेका छन् । त्यसैगरी नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले एउटा सानो झ्याल हो जहाँबाट एउटा सानो संसार चिहाइन्छ (थापा-२०४७, पृ.१५४)भनेका छन् । समालोचक हिमांशु थापा भन्छन् कथा भनेको गद्यको त्यो विधाहो, जसमा जीवन र जगत्को कुनै एक

पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा सत्यको विश्लेषण हुन्छ (थापा २०४७, पृ.१५५)।

नेपालीकथाको प्रारम्भिक स्रोत पहिचान गर्दा संस्कृत भाषाका अख्यान उपाख्यान नै हुन् । कथा शक्तिबल्लभ अर्यालको महाभारतको विराट पर्व हुँदै आधुनिक कालतिर आउँदा हिन्दी, उर्दु, बङ्गाली भाषाका कथाहरूबाट पनि प्रभावित भएको छ । आधुनिक कालको कोसेढुंगाका रुपमा रहेको शारदा (१९९१) पत्रिका नै कथा विधालाई आधुनिकतातिर डोहोर्‍याउने मुख्य साधन हो । यसै पत्रिकाबाट गुरुप्रसाद मैनालीहुँदै भित्रिएको आधुनिकता विश्वेश्वरप्रसाद कोइराला, पुष्कर समशेर हुँदै अगाडि बढेको छ ।

शारदा पत्रिकाहुँदै भित्रिएको आधुनिकताको पनि शताब्दी उमेर बनेको छ । यो सयवर्षे आधुनिकताभित्र अनेकौँ प्रवृत्तिहरू विकसित र विस्तारित भएका छन् । पश्चिमेली साहित्यको प्रभाव, विचार चिन्तनको प्रभाव, हिन्दी भाषाको प्रभाव, देशभित्रका राजनीतिक, सामाजिक, आर्थिक परिवर्तनहरूले पनि कथामा आउने परिवर्तनलाई प्रभाव पारेका छन् । पश्चिमी चिन्तनमा आएका अनेकौँ वाद र प्रवृत्तिले नेपाली साहित्यलाई राम्रोसँग प्रभाव पारेको छ । एउटै लेखकभित्र पनि समयअनुसार फरकफरक प्रवृत्तिहरू विस्तारित भएका छन् । “एउटै कथाकारभित्र कालखण्डका हिसाबले मात्र होइन, एउटै कालखण्डमा पनि भिन्नभिन्न प्रवृत्तिहरू पाइन्छन्” (बराल, घिमिरे  २०६१, पृ.११)।

वि.सं.१९९२ सालबाट प्रारम्भ भएको नेपाली कथाको आधुनिक काल २००७ सालको राजनीतिक परिवर्तनपछि नयाँ मोडमा मोडिन पुग्यो । वाक् स्वतन्त्रतासँगै लेखन कार्यमा पनि स्वतन्त्रताको प्रभाव छाउन पुग्यो । प्रजातान्त्रिक परिवेशले जनतामा आएको उभारलाई कथाले प्रतिबिम्बित गर्न थाल्यो । गोविन्दबहादुर मल्ल गोठाले, विजयमल्ल, तारणीप्रसाद कोइराला, विश्वेश्वरप्रसाद कोइराला, दौलतवित्रम बिष्ट, रमेश विकल, बालकृष्ण पोखरेल, प्रेमाशाह, कुमार ज्ञवालीलगायत धेरै भन्दा धेरै कथाकारहरूको उभार यो समयमा भयो ।

२०१७ सालको पविर्तन, २०३६/२०३७ को बहुदलीय र निर्दलीय व्यवस्थाका लागि भएको चुनावजस्ता कुराले पनि नेपाली कथालाई प्रभावित बनाइरह्यो । राजनीतिक दलहरूमाथिको प्रतिबन्धले लेखनकार्यमा पनि प्रभाव पार्‍यो । फलस्वरुप २०४६ सालको जनआन्दोलन र राजनीतिक परिवर्तनले कथालेखनमा पनि प्रजातन्त्र, स्वतन्त्रताजस्ता कुरालाई जोडसँग

समावेश गऱ्यो । अशेष मल्ल, कृष्ण धरावासी, रमेश विकल, परशु प्रधान, मनु ब्राजाकी, किशोर पहाडी आदिजस्ता धेरै लेखकहरू यो समयले जन्माएको छ ।

२०४६ सालको परिवर्तनपछि पुन २०५२ सालदेखि देशमा द्वन्द्वको सिर्जना भयो । माओवादी जनयुद्धको चपेटामा परेको मनोवृत्तिले नेपाली समाज नराम्रोसँग जकडियो । बीसौं हजारको ज्यानजाने त्रासदी भोगेको यो समयमा त्रास र युद्धका धेरै कथाहरू लेखिएका छन् । युद्धको विभीषिका व्यहोरेका नयाँनयाँ कथाकारको समेत उदय भएको छ । पुरानै कथाकार महेशविक्रम साहदेखि नयाँ तारा राई जस्ता सयौं कथाकारहरूले यो समयमा कथा लेखेका छन् ।

२०६२/०६३ को राजनीतिक परिवर्तनपछि कथा लेखनमा केही नवीन सोच र चिन्तनको पनि विकास भएको छ । खासगरी पहिचानको लेखन प्रारम्भ भएको यस समयमा युद्धका डोबहरू पनि भरिनसकेकाले युद्धका पीडा, परिवारविहीन भएका मान्छेहरूका कथा, युद्धका अंगारहरू र प्रताडनका कथा एकातिर आएका छन् भने अर्कातिर आञ्चलिकता र समावेशिताका कुरा धेरै आएका छन् । प्रविधिको अधिक विकास र उपयोगले मान्छेमा अनेक चिन्तनधारा समाहित हुनपुगेका छन् । च्याउजस्तै उम्रिएका अनलाइन पत्रपत्रिकाले मान्छेलाई स्थिर र गम्भीर बन्नबाट बञ्चित गराउँदै लगेका छन् । सतही लेखनका बाबजुद पनि विश्वस्तरीय चिन्तनको विस्तार नेपाली कथामा भएको छ ।

नेपाली कथामा अनेकौं प्रवृत्ति र विशेषताहरू मौजुद छन् । आदर्शोन्मुख यथार्थवादहुँदै प्रारम्भ भएको आधुनिक नेपाली कथामा मनोवैज्ञानिक यथार्थ, सामाजिक यथार्थ, आलोचनात्मक यथार्थ, समाजवादी यथार्थ, प्रकृतवादी प्रवृत्ति, प्रतीकवादी प्रवृत्ति, अस्तित्ववाद, विसङ्गतिवादी प्रवृत्ति, स्वैरकल्पनात्मक प्रवृत्ति, अध्यात्मक प्रवृत्ति, विनिर्माणवादी प्रवृत्ति, लीलालेखन प्रवृत्ति, आयामेली प्रवृत्ति, रङ्गवाद, तर्कवाद, उत्तर आधुनिकतावाद आदिजस्ता अनेकौं वाद र प्रवृत्ति/प्रयोगको प्रभाव रहेको छ ।

यी र यस्तै प्रवृत्तिहरूबाट प्रभावितभएका जयराज भट्टराई अहिलेको समयलाई टिप्न सक्ने एक उम्दा कथाकारको रूपमा देखापरेका छन् । दमक घर भएर प्राध्यापन पेशामा संलग्न भट्टराईले फुटकर रुपमा लेखेका कथाहरूलाई समेटेर तयार पारिएको 'फाइडे कन्फ्युजन' कथा संग्रह (२०८०) का कथाहरू नै यस अध्ययनको केन्द्र रहेको छ ।

**जयराज भट्टराईका कथाहरूमा सामयिक चेतना**

कथाकार जयराज भट्टराईका कथाहरूमा सामयिक चेतना कसरी आएको भन्ने कुराको खोजी यस अनुसन्धानको मूल अध्ययनहो । कथाकार भट्टराई चेतनाका हिसाबले, भाषाका हिसाबले, प्रयोगधर्मिताका हिसाबले, युगीन परिवेशका हिसाबले अत्यन्त सचेत लेखक देखिएका छन् । आजको चेतनाले के कुराको माग गरेको छ भन्ने कुरा भट्टराईका कथाले थाहा पाएका छन् । त्यसकारण उनका कथाका पात्रहरू युगको चेतना बोल्छन् । पात्रहरूलाई स्थानिक परिवेशमा घोलेर समयको बोली बोलाउँन् । वैदेशिक रोजगारीमा पठाएर डायस्पोरिक असामञ्जस्यता पोख्छन् । घरभित्रै पात्रहरू राखेर राजनीतिक भ्रष्टीकरणको पोल खोल्छन् । गाउँघरमा बाख्रापाठामा भुल्याएर ज्येष्ठ नागरिकको मनोदशा पर्गेल्छन् । तात्क्षणिक आकर्षणको पर्दाबाट यौनमनोविज्ञानको चिरफार गर्छन् । बाआमाको सन्निकटतामा पुगेर भावात्मकहार्दिकता प्रकट गर्छन् । शैक्षिकविकृतिको अवसरवादिता प्रकट गर्दै रुग्ण शैक्षिक चेतनाको चित्र बनाउँछन् । स्वैरकल्पनाका माध्यमबाट पात्रहरूको अदृश्य अज्ञानतालाई  पर्गेल्छन् । सामान्य जनजीवनको सामान्य घटनाबाट युगले भोगिरहेको तात्क्षणिक अवसादहरूको विश्लेषण गर्छन् ।

अरू कुराभन्दाअलिक परक भएर आएको भाषिक वैचित्र्यता यस ‘फाइडे कन्फ्युजन’कथा संग्रहका प्राय सबैजसो कथामा रहेको छ । भाषिक विचलन, विनिर्माणका हिसाबले यिनका कथाहरू युगको भाषा बोल्न सफल र चित्ताकर्षक छन् । धेरैलाई त यिनको भाषिक विशिष्टताले तान्छ-

“गाउँबाट बाबुले धान बेचेर पठाएको रकमको निकै गतिलो हिस्सा उसले महङ्गो डाटाप्याक खरिदमा लगानी गऱ्यो ।” (पृ.११)

“आँगनका मुढामा बसेर चारै घोगालाई नाङ्गेझार पारेर छोडाउन थाल्यो ।” (पृ.२५)

“साइकलको दनकले लड्ने बित्तिकै जुरुक्कै उठ्न ऊ सफलभयो । उठेर शरीरका प्राइभेट र पब्लिक सबै अङ्गहरूको चेकजाँचगर्दा कतै कुनै कैफियत भेटिएन ।” (पृ.२७)

“आइडिया भन्ने कुरो दिमागभित्र एम्बुस थापेर बसेको हुँदो रहेछ ।” (पृ.४१)

“बोकाको ब्रतबन्ध गर्ने बेलाबितेको रहेछ । कुमार डाक्टरलाई खबर गर् है ।” (पृ.८३)

“आँखै खानेगरीकी राम्री परिचारिका खानेकुराको ठेलागाडी गुड्काउँदै आई . . . .। शाकाहारी गौप्राणीलाई बेग्लै पोको । मांशाहारी शिकारीलाई बेग्लै ।” (पृ.९४)

कथाकार जयराज भट्टराईको एउटा कथा संग्रह ‘फाइडे कन्फ्युजन’ २०८० मा प्रकाशित भएको छ । सेर्गेम प्रकाशन गृह दमकले प्रकाशन गरेको उक्त सङ्ग्रहभित्र विभिन्न समयमा लेखिएका

१८ वटा कथाहरू संग्रहित छन् । यस संग्रहकाकथाले आजको विचार, चिन्तन र पुस्ताको बोली बोलेका छन् । धेरै कथामा लेखक आफैँ पात्रभएर हिँडेकाले धेरै कथाको 'वस्तुता' लेखकसँग सामञ्जस्यभएर आएको छ ।

**फ्राइडे कन्फ्युजन** यस संग्रहको शीर्ष कथाहो । यस कथामा एउटा सरकारी विद्यालयमा अनुदानमा प्राप्त ल्यापटप वितरण गर्ने कुरामा भएको कपटपूर्ण त्रियाकलापलाई प्रस्तुत गरिएको छ । काम गर्नुपर्नेमा चाहिँ एकथरी मान्छे र फाइदालिने कुरामा चाहिँ अर्कोथरी मान्छे हुनेगरेको सामाजिक चरित्रलाई कथाले देखाएको छ । छुट्टीका समयमा पनि बैठक बस्नुपर्ने मनस्थितिले तनावग्रस्त भएकी बुधरानी ल्यापटप वितरणपछि कन्फ्युज्ड बनेकी छिन् । कम्प्युटरको तालिम लिन चाहिँ कोही जाने, ल्यापटप चाहिँ अरू कसैले लिने कुराको संवाद–

"तालिमसँगै भत्ता पनि आउने भए तपाईं र मेरो सट्टामा हेडसर र जगन्नाथ सर जान्थे ।"
"थाहा छ सर, मलाई थाहा छ । तर क्या । तालिम लिने एक जना, ल्यापटप पाउने अर्कै जना ।" (पृ.३)

कथाको सुरुवातमा नै हेडसरको फोनमा ल्यापटप आफूले लिएर छोरीको उपयोगमा जाने संकेत आएको छ । कथाको अन्तिममा हेडसरले छोरीलाई "हत्तेरी ! के सारो आत्तिएकी तँ? भोलि दिनभरि छ त ! आइतबार क्याम्पस जाँदा प्रेजेन्टेशन लिएरै जान्छेस् ढुक्क हो ।" भनेपछि विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न अनुदानमा आएको सामग्री कसरी प्रयोग हुन्छ भन्ने कुरालाई संकेत गर्छ । जागीर सकिन तीन महिना बाँकी रहेका जगन्नाथ सरलाई सिनियर भनेर दिइने ल्यापटप पनि तोपहाङ सरबाट १० हजार लिएर उनलाई मिलाइदिएको गूढ कुरा कथाले बोल्छ । आजको पुस्ता बुधरानीजस्तो कन्फ्युज्ड छ– "बुधरानीले मोबाइलमा फेसबुक खोलिन् र अघिको सेल्फीपोष्ट गरिन् । क्याप्सनखिपिन 'मिटिङ अन् फ्राइडे । फिलिङ कन्फ्युज्ड ।" (पृ.८)

**घाइते ठिटोको कथा** आजका नयाँ पुस्तामा देखिने प्रेम र त्यसको सतहमा केन्द्रित छ । घाइते ठिटो एउटा कम्प्युटर इन्स्टिच्युटमा काम गर्ने केटीसँग एकतर्फी प्रेम गर्छ । उसँग नजिक हुन्छ । उसको फोटोलाई फोटोसपबाट राम्रो बनाउने प्रयास गर्छ । फिलिम हेर्न लिएर जान्छ तर केटी उसँग नजिक भए पनि उसैसँग प्रेम गर्ने, विवाह गर्ने कुरा गर्दिन । केटीको विवाह अर्कै केटासँग भएपछि केटो विचलित हुन्छ । होटलमा साथीसँग बसेर रक्सी पिउँछ ।

कथाले आजको पुस्तामा हुने प्रेमको सतहलाई देखाएको छ । आजको पुस्ताले प्रयोग गर्ने भाषिक नवीनतालाई पनि कथाले देखाउँछ ।
"गाउँबाट बुबाले धान बेचेर पठाएको रकमको निकै गतिलो हिस्सा उसले महङ्गो डाटाप्याक खरिद गर्नमा लगानी गऱ्यो ।" (पृ.११)
कथा नवीन पुस्ता केन्द्रित छ । आजको पुस्ता खुसी हुँदा पनि भट्टी छिर्छ । दुखी हुँदा पनि भट्टी छिर्छ । बस ! पिउनलाई कुनै न कुनै बहाना बनिहाल्छ । घाइते ठिटो केटीलाई फोटोसपबाट उसको पोटोमा 'द मस्ट व्युटिफुल गर्ल' लेखेको कुरामा केटी खुसी भएकाले खुसी छ । साथीलाई बोलाएर रक्सी खान्छ । केटीको बिहेपछि दुखी भएर होटलमा बसेर साथीसँग रक्सी खान्छ । यता कथाले परिस्थितिअनुसार मान्छेको मनस्थिति निर्माण हुने कुरालाई राम्ररी प्रस्तुत गरेर सामान्य मनोविज्ञानलाई पनि प्रस्तुत गरेको छ ।
"ठिटीको फोन उठाउँदा हिजोसम्म उसलाई यो मोबाइल फूलको थुँगोभैँ लाग्थ्यो । धेरैबेर बोलिरहँदा पनि कान दुख्दैनथ्यो, हात गल्दैनथ्यो । यो लोदर बिहानीमा चाहिँ छातीमाथिको मोबाइलले बजनदार लोहोरोभैँ थिच्नथाल्यो ।" (पृ.१०)

**इन द टाइम्स अफ कोरोना** कथामा कोरोनाकालीन समयमा कुनै काम नपाएर छटपटिएको मान्छेको मनोदशा र व्यवहार प्रस्तुत भएको छ । घरबाट बाहिर निस्कन पनि नमिल्ने, घरमा गर्ने काम पनि केही नहुने परिस्थितिबाट मान्छे कसरी गुज्रियो भन्ने कुरालाई कथाले देखाएको छ ।
"श्रीमतीले च्याउ मकै भुटिदिइन् । खायो । बस्यो । उठ्यो । फेरि बस्यो । फेरि उठ्यो । बाटाका डिलमा निस्किएर दायाँतर्फ हेऱ्यो । पचास मिटर पर सुब्बाको घर सुनसान छ । बायाँतर्फ हेऱ्यो । सय मिटर पर न्यौपानेका घरमा पनि चालचुल छैन । छिमेकीको घर पनि अब कोरोनाको गुँडजस्तो देखिन थालेको समय थियो ।"
"फर्केर घरभित्रपस्यो । बस्यो । उठ्यो । फेरि बस्यो । फेरि उठ्यो । तला नभएकाले तलमाथि गर्ने उपाय थिएन । भित्रबाहिर कयौँपटक गऱ्यो । बडो सुस्तरीसँग घाम डुब्यो ।" (पृ.२५)
यस कथामा त्रासमय समयको अत्यासपूर्ण अवस्थाको यथार्थ चित्रण भएको छ । बाहिर निस्कँदा कोरोना सर्ने डर, पुलिसको फन्दामा परिने डर । घरभित्रै संसार बनाउनुपर्ने जटिल मनोवृत्ति कथामा एकातिर छ भने एकातिर चलाखीपूर्ण ढंगले खुँगीवालाको कुखुरा हात पारेर स्वाद फेर्ने मनोवृत्ति कथाका मूलपात्रको छ । नयाँ पुस्तामा मोबाइलको प्रयोगले देखिएको एकाकीपनलाई कथाकारले घोप्टेयुगका रुपमा हास्यव्यंग्य शैलीमा चित्रण गरेका छन् ।

"सत्य, द्वापर, त्रेतापछाडि कलियुगपनि सिद्धिएर हिजोआज घोप्टेयुगको सुरुवातभएको छ । उसलाई थाहा थियो, कलियुगको समाप्तिको घोषणा गरी घोप्टु युगलाई स्वागत गर्ने काममा आफ्नो सत्र वर्षे छोराको पनि अहम् भूमिका छ ।" (पृ.२३)

**अदृश्य** यो कथा स्वैरकल्पना विघटित भएको कथा हो । कथामा म पात्रकारूपमा लेखक आफैँ हिँडेको अनुभव हुन्छ तर कथामा देखिएको भिरुताले प्रथमपुरुष दृष्टिविन्दुको पात्र लेखक नभएर कुनै धर्मभिरु पात्र हो भन्ने अनुभव हुन्छ । कक्षा ११ मा फेल भएपछि पूरक परीक्षामा पास भए परेवा चढाउने भाकल गर्ने व्यक्ति हाम्रो परम्परित अन्धविश्वासमा रुमलिएको छ । परेवा उडाउन भलेन्द्रसँग माइखोला जाँदा माइको पुलबाट तल लास जलाउने ठाउँमा गएर लास हेर्न डराएको छ । मरेको मान्छे हेर्न नसक्ने मनस्थिति बोक्ने म पात्र भलेन्द्रको चुनौती पूरा गर्न पुलमुनि झरेको छ । लास भएका ठाउँमा पुग्दा अघि पुलमा गफ गर्ने मान्छेकै अनुहार देख्छ र पुलतिर हेर्दा पुलको अघिको मान्छे पनि देख्दैन । लास हेर्न डराउने मान्छेले पहिलो पटक लास देख्दा उसको सामान्य मनोविज्ञान भत्किएको छ । जसले गर्दा उसले लासलाई अघि आफैँसँग गफ गर्ने मान्छे देख्न पुग्यो ।

कथा पुलको पात्र अदृश्य भएको घटनामा मात्रै हैन, आफ्नै मनभित्र रहेको अदृश्य चेतनामा पनि केन्द्रित छ । कुनै त्यस्तो अदृश्य वस्तु छ जसले अचेतन मनमा अदृश्य त्रास भरिदिन्छ । त्यो अदृश्य त्रास कथाले प्रस्तुत गरे पनि कथा स्वैरकाल्पनिक हुनबाट दुर्घटित भएको छ ।
"आबुई ! यो त त्यही पुलमा उभिएको दाइ हो । डरले ज्यान लल्याकलुलुक भयो । माथि पुलतिर हेरेँ- भलेन्द्रका छेउमा कोही पनि छैन । मतर्फ इशारा गर्दै एक्लै कोसँग बोलिरहेको छ ?" (पृ.३९)

**मिशन अधुरो** कथा विनिर्मित कथा हो । यो एउटा कथामा आएर अर्को कथा थपिएको छ । कथा भन्ने प्रथमपुरुष दृष्टिविन्दुको पात्र उसकी श्रीमतीबीच संवाद भएको छ । श्रीमान्को क्याम्पस जीवनमा भएको कुनै युवतीसँगको निकटताले उसको मन अझै पनि तरङ्गित भएको छ । उसले १५ दिनभित्रमा एउटा कथा लेख्नु छ तर १५ औँ दिनमा पनि उसले कथा लेख्दैन । उसले लेख्ने कथा अर्कै भए पनि म पात्रले आफ्नै कथा प्रस्तुत गर्छ । बविता र उसको कथालाई अर्कै बनाएर प्रस्तुत गर्छ । श्रीमतीले शङ्का गर्छे । शङ्का गर्छे पनि नभनौँ, विश्वास गर्दिन । उसले भनेको कथाको थिममा कथा नलेख्न भन्छे । भन्छे मात्रै होइन, निर्देशन दिन्छे ।

कथाका पात्रहरू आफ्नै लोग्ने र उसकै साथी बबिता भन्ने कुरामा विश्वास भएकाले उ कथा नलेख्न निर्देशन दिन्छे ।

कथा प्रायडीय यौन मनोविज्ञानबाट प्रेरित छ । लेखकको अचेतन मनमा बबितासँगको सन्निकटताको दशा छ । पहाडबाट ल्याइदिएका कोसेली ल्याउने निहुँमा नै भए पनि आइरन गरेका राम्रा लुगा लगाएर जान खोजेको कुराले उसको अचेतन मनमा बबिताप्रतिको आकर्षण प्रष्ट हुन्छ । अधुरो थिममा कथा लेख्ने काम आइलागेको भए पनि उसको योजनाको अन्तिम क्षणमा बविताको कथा लेख्नेमा पुग्नु यौन मनोविज्ञानको द्योतक हो । श्रीमती भएपछि पनि उसको अचेतनमा भएकी बविताको लेप यसरी उक्कियो- "अघि कतिखेर प्यारी श्रीमती मेरा छेउमा आएर उभिएकी रहिछन् । हैट ! कस्तरी झस्किएँ । त्यो झस्काइसँगै अघिदेखि सम्झनामा डेरा जमाएकी बबिताले सुइँकुच्चा ठोकी ।" (पृ.४१)

**इन्टरनेट डायरी** यो कथा प्रायडीय यौनमनोविज्ञानमा आधारित कथा हो । यसले अवचेतन मनको विश्लेषण गर्ने काम गरेको छ । एकातिर यसले क्याम्पस पढ्ने युवादस्ताको मनोविज्ञान र गतिविधि प्रस्तुत गरेको छ भने अर्कोतिर यसले म पात्रको मनोदशालाई देखाउने काम गरेको छ । नयाँ घरमा डेरा सरेपछि सँगै अर्को कोठामा बस्ने मोटी भाउजू उर्फ अजिना भाउजूप्रतिको अवचेतन आकर्षण प्रस्तुत गरेको छ । छोरा पढाउन सहरमा डेरा गरी बस्ने भाउजूका श्रीमान् वैदेशिक रोजगारीमा विदेशमा छन् । म पात्रले इन्टरने जोडेपछि भाउजूका श्रीमान्सँग विदेशमा सम्पर्क हुन्छ । आफ्नै ल्यापटपबाट भाउजू र दाजुको सम्पर्क भएपछि र छोरा गुञ्जनलाई पढाउन थालेपछि विदेशमा रहेका दाजुले भाउजूलाई अन्यत्रै सर्न वाध्य बनाएका छन् । भाउजू र म पात्रबीच निकटम् सम्बन्ध स्थापित हुन नपाउँदै डेरा सर्नुपर्दा एकातिर म पात्रको मन खिन्नभएको छ भने अर्कातिर भाउजू अमिला चामल खाएजस्ती बन्नपुगेकी छिन् । आइतबारदेखि शनिबारसम्मको डायरीका रुपमा आएको यो कथा अजिना भाउजू केन्द्री भएर आएको छ । घटना र मनोवृत्तिको यथार्थ चित्रण गर्न सक्षम यस कथाले आजको सामयिक पुस्तामा देखिने मनोआकर्षण र परदेशिएका आफन्तहरूले घरमा भएका आफन्तहरूको गतिविधिमा राख्ने चासोलाई पनि प्रस्तुत गरेको छ -

"दाजुले हाइहेल्लो नगरीकन सोझै भने 'तिमीले गुञ्जनलाई पढाउने अरे । अजिनालाई म भ्याउँदिन भाउजू भन्दिनू । नपढाउनू । त्यही भन्न अघि कल गरेको थिएँ ।" (पृ.६२)

सँगै ओल्लोपल्लो कोठामा बसेको, छोरालाई पढाउन थालेको बुभेपछि विदेशमा रहेको श्रीमान्ले यसरी शंकाको घेरामा राखेको छ । कथा सहज तर दमित यौन मनोविज्ञान केन्द्री भएर देखिएको । केही कुरा भनिसकेपछि लेखक भन्छन्- “किनभने मलाई नै थाहा छैन ।” (पृ.५५)

**चोर गोजी** कथा सामाजिक यथार्थ प्रस्तुत गर्ने कथा हो । यसले बाबुआमाले आफ्ना सन्तानका लागि गर्ने अगाध प्रेमलाई प्रस्तुत गरेको छ । आपूलाई मेटाएर भएपनि अभिभावकले सन्तानलाई खुसी तुल्याउने प्रयत्न गर्छन् भन्ने कुराको यथार्थ चित्रण म पात्रका बाले गरेका छन् । क्याम्पस पढ्न जाने छोरालाई घर छोड्ने बेलामा खर्च दिन्छन् । पटकपटक अनेक आवश्यकता देखाएर खर्च दिने बा आफू छिमेकी काकालाई दिने पैसाको भाका कबुलेर भएपनि छोरालाई खर्च दिन खोज्छन् । बाले दिएकै पैसाले छोराको चोर गोजी भरिए पनि बालाई परेको १५ हजारको अभर टार्न नसक्दा अलमलमा छ । बाको अभर र आफ्ना चोरगोजीमा भएको पैसा छामेर छोरो अलमलमा परेको देखाएर परिस्थितिअनुसार मान्छे कस्तो अन्योलमा पर्नसक्छ भन्ने कुरा पनि देखाएको छ । सन्तान जस्तोसुकै भएपनि आमाबुबा सन्तानलाई माया गर्छन् । अगाध माया गर्छन् । यदि सन्तानले पनि आफ्ना बाआमालाई र उनीहरूको अभरलाई बुभ्न सके कस्तो हुन्थ्यो होला भन्ने मनोवृत्ति लेखकमा छ ।

“कस्तो स्थिति ! बा पन्ध्र हजारको अभर परेका छन् र मेरो चोर गोजीमा बाकै अठार हजार बसिरहेका छन् । मलाई के भो के भो । चोर गोजीमा हात छिराएँ । मेरो हत्केलाले गोजीभित्रको अठार हजार स्पर्श गऱ्यो ।” (पृ.६८)
कथाले मध्यमवर्गीय परिवारको पारिवारिक चरित्रसमेत प्रस्तुत गरेको छ ।

**ध्रुवचन्द्रका बा उँघ्छन्** कथा एउटा सामान्य दैनिकी बाँच्ने आम मान्छेको कथा हो । कथा लकडाउनको परिवेशमा तयार भएको छ । कोरोनाको त्रासदीले मान्छेले मानसिक, आर्थिक, सामाजिक संकट व्यहोरिरहेको यथार्थ कथाले प्रस्तुत गर्छ । पारिवारिक जिम्मेवारी बढेपछि मान्छे मानसिक तनावमा पनि हुन्छ र आवश्यक पूर्वाधारको तयारी जसरी पनि गर्न सक्नुपर्छ भन्ने कुरा कथाका दुवै पात्र ध्रुवेको बाउ र ध्रुवेले देखाएका छन् । एउटा सर्वसाधारण मान्छेले आफ्नो दैनिकी कसरी चलाएको छ भन्ने कुरा सरल भाषामा कथा यस्तो भन्छ-

“ऋण गरेको घरमा बसेर, ऋण गरेको टिभी हेर्दै ध्रुवेको बा उँघ्नसम्म उँघ्यो । पाहुनाहरू भन्थे- आफ्नो घर भनेको आफ्नै घर हो । कत्रो सन्तोक ! कत्रो खुसी ।” (पृ.६९)
घरघरको कथाका रुपमा ध्रुवेको बाउलाई निरन्तर प्रेसरको दबाइ खानुपर्ने हुन्छ । उसकी श्रीमतीले नियमित समयमा औषधि खुवाइरहेकै थिई । तर, उसको मृत्युपछि औषधि खुवाउने जिम्मा बुहारीमा सरेको छ । श्रीमतीको मृत्युपछि उँघ्न छोडेको ध्रुवेको बाबु आम सर्वधारणको एकल बाबुको प्रतिनिधि पात्र हो । आफ्नो जिम्मेवारी छोरालाई सुम्पेर दिनचर्या बिताइरहेको ध्रुवेका गुणहरू अब ध्रुवेमा सर्दै गएका छन् । अभ कोरोनाकालीन त्रासदीले उत्पन्न भएको व्यापार व्यवसाय, रोजीरोटीको जिम्मेवारी र विवशता, आर्थिक संकट आदिजस्ता कुराले ध्रुवे उसकै बाउजस्तो बन्दै गएको कुरालाई कथाले राम्ररी देखाएको छ ।

**तुलना** कथा संग्रहको दुई छोटा कथामध्येको एक हो । यसले हिमाली मानिसहरूको कञ्चन स्वभावलाई देखाएको छ । जडीबुटी बेच्दै हिँडेकी एउटी महिलासँग म पात्रले केही संवाद गरेर पिनासको ओखती किनेको छ । म पात्रले हिमाली मानिसहरूले धेरै पढेका हुँदैनन्, जान्दैनन् भन्ने अनुमान गरेको छ तर उनीहरूको ज्ञान हामीले सोचेभन्दा परक रहेछ भन्ने थाहा पाएर अवाक् बन्छ । सगरमाथाको उचाइ सोध्दा शेर्पिनीले- आफ्ना घरदेखि सगरमाथाको उचाइ भनी र म पात्रका घरबाट सगरमाथाको उचाइ सोधी । उत्तर नआएपछि अघि म पात्रले “लेकका हामी केटाकेटी, कुहिरोभित्र स्कूल छ, चौँरीलाई चराउँदै दिन बित्छ, पढ्नु र लेख्नु मुश्किल छ” (पृ.७८) भनेर जिस्क्याएको कुरालाई मिठो व्यंग्यगर्दै भनी- “मधेशका स्कूल पनि कुहिरोभित्रै रहेछन् ।” (पृ.७९)

यसरी हामीले देखेको र सुनेको कुरा नै सबैथोक हुँदैन । हामीले आफ्नै परिवेशको कुरा पनि राम्ररी जानेका हुँदा रहेनछौँ । अर्काको मूल्यांकन गर्ने हाम्रो ज्ञान अधूरो रहेछ भन्ने कुरा कथाले भनेको छ ।

**वृद्धभत्ता** यो वृद्धवृद्धाहरूको मनोविज्ञानमा आधारित कथा हो । वृद्धभत्ताले धेरै ज्येष्ठ नागरिकहरूलाई मनोबल प्रदान गरेको छ । आफ्ना छोराबुहारी वा आफन्तसँग सानातिना खर्चका लागि मुख ताकिरहनु नपर्ने बनाएको छ । यसबाट धेरै वृद्धवृद्धाको मनोस्वास्थ्य राम्रो भएको छ । आफ्नै नाममा आएको आफ्नो पेवा मान्ने हाम्रो परम्परित समाजमा पेवालाई बढाउने गरी वृद्धवृद्धाले आफ्नो भत्तालाई उपयोग गरेर सन्तुष्ट छन् भन्ने कुरा गोतामे हजुरआमा र म पात्रकी हजुरआमा उदाहरणमा छन् । कथामा गोतामेनी हजुरआमाको

बाखापाठा देखेपछि म पात्रकी हजुरआमामा पनि खसी पाल्ने मानसिकता तयार हुन्छ । छोरालाई भनेर बजारबाट खसी ल्याइमाग्छिन् । केही महिनापछि खसी बिरामी भएको कुराले हजुरआमा चिन्तित हुन्छिन् तर त्यो खसी बेचेर वा काटेर सकेपछि अर्को पटकको वृद्धभत्ताले अर्को खसी किन्ने अकांक्षा कथाका अन्त्यमा देखिन्छ ।

"डाक्टर हिँडे । हजुरआमा र बा खसीको टाट्नु समातेर ठिङ्ग उभिराखेका थिए । हजुरआमाको मलिन स्वर सुनियो- माइला ! मेरो अर्को भत्ता आउने बेला भएन?" (पृ.८६) कथाले हामीमा रहेको धेरै जान्ने हुने प्रवृत्तिमाथि पनि व्यंग्यप्रहार गरेको छ । "गाउँ आइडियाको खानी हो । तपाईं आफ्नो कुनै योजना कसैसामू छ्यास्स ओकल्नुस् । योजना कार्यान्वयनका अनगिन्ती रणनीतिहरू हुरुरु घरैमा आइपुग्छन् ।" (पृ.८१)

**घोषणा** कथा राजनीतिक भ्रष्टीकरणको यथार्थ चित्रण गर्ने कथा हो । यसले चुनावअघि खोक्रा आश्वासन बाँढ्ने राजनीतिक चरित्रलाई देखाएको छ । उमेरले सत्तरी कटेका आमप्रसाद बालाई सर्वसाधारण जनताको प्रतीक बनाएर विभिन्न पार्टीका घोषणा पत्रसहित वडाध्यक्षको भोट मागिएको छ । घोषणापत्रमा राजनीतिक पर्चाबाजीमा अनेकौं राम्रा कुरा देखाएर भोट माग्ने वडाध्यक्षको उम्मेदवारले संसारै परिवर्तन गर्नेजस्तो ढोंग रच्ने र उग्र राष्ट्रवादी देखिने प्रयत्न गर्ने राजनीतिक भ्रष्ट चरित्रको चीरहरण कथाले गरेको छ । जनताको काममा आमप्रसाद बाको ढोकासमेत सजिलो बनाउन नसक्ने उम्मेदवारले संसार परिवर्तन गर्ने ढोंग गर्नु कतैपनि सान्दर्भिक देखिँदैन । कथाका अन्त्यमा स्वतन्त्र उम्मेदवार भनिएको पात्रले वडाध्यक्ष जितिसकेपछि सबैभन्दा पहिले 'बाको चुइँकिने ढोका ठिक गर्छु' भनेर 'समस्या साना छन्, तिनै समस्याबाट काम थाल्नुपर्छ' भन्ने संकेत गरेको छ ।

"युवक ढोकातर्प बढ्यो । ढोकाको माथ्लो कब्जामा लागेको खिया चोरी औंलाको नङले कोट्याउँदै भन्यो– सबैभन्दा पहिले तपाइँको यो चुइँकिने ढोका ठिक गरिदिन्छु बा ।" (पृ.९३) कथाले अब राजनीतिमा पनि समयसापेक्ष नयाँ पुस्ताको आवश्यकता महसुस गराएको छ । पुस्तौंदेखि आफ्नो बिर्ता ठान्दै आएका राजनेताहरूलाई नयाँ पुस्ताका नवीन सोच भएका युवाहरूले पन्छाउन सकेमात्र समस्याको जगबाटै समाधान हुन्छ भन्ने गूढ सन्देश कथाले बोकेको छ ।

**जुनी काट्ने यात्रा** कथा वैदेशिक रोजगारीसँग जोडिएको कथाहो । यसमा विदेशमा कामदारका रुपमाजाने मान्छेले के कस्ता समस्या भोग्न पुग्छ भन्ने कुराका केही संकेत दिइएको छ । जीवन निर्वाहका लागि विदेश जाने कामलाई कथाकारले जुनी काट्ने यात्रा नामकरण गरेका छन् । वैदेशिक रोजगारी आजको नेपालको पहिलो र अन्तिम रोजगारी बन्दै गएको छ । आज स्नातक पढ्ने विद्यार्थी सकिँदै गएका छन् । अलिक जेहेन्दार पढ्ने निहुँमा विदेश छिरेको छ । दक्ष र अदक्ष कामदारका रुपमा विदेश छिरेको छ । क्याम्पसमा पढ्न जानेको भन्दा भाषा सिक्न जानेका संख्या कयौँ गुनाले बढी छ । माथिल्लो तहलाई भन्दा भाषा र प्राविधिक ज्ञानलाई प्राथमिकता दिएर आजको पुस्ता अगाडि बढिरहेको छ । त्यही पुस्ताको प्रतिनिधि पात्रका रुपमा यस कथाका पात्रहरू आएका छन् । कतार जाने प्लेनमा अधिकांश नेपाली नै थिए भन्ने सन्दर्भले पनि वैदेशिक रोजगारीमा कति आकर्षण छ भन्ने कुरा कथामा देखिन्छ । अदक्ष कामदारका रुपमा विदेश गएपछि यन्त्रवत् बन्नु पर्ने कुरालाई कथामा यसरी देखाइएको छ–

"उसले गम्भीर मुद्रामा भन्यो- 'एक- जुलुस नगर्नुस् । गरेपनि नेता नबन्नुस् । दुई- तपाईं महत्वपूर्ण मान्छे होइन । तपाईं हुनु र नहुनुले कम्पनीलाई खास असर गर्दैन । तीन- खैरेलाई सरी भन्ने शब्द मन पर्दैन ।" (पृ.९९)
वैदेशिक रोजगारीमा गएपछि गधाले जस्तै जे बोकाउँछ त्यही बोक्नुपर्छ । अथवा, जे लगाउँछ, त्यो गधाजस्तै भएर खुरुखुरु गर्नुपर्छ । म पात्र गधाको जुनी सुरु हुने कुरामा निकै डराएको छ । "हंशबहादुरका अनुसार अब गधाको जुनी सुरु हुनेछ । म भित्रभित्रै निकै डराएँ ।" (पृ.९९)

**खजुरबोटेको रंग** कथा वैदेशिक रोजगारीसँग जोडिएको कथा हो । वैदेशिक रोजगारीमा रहँदाको एकाकीपन र त्यसको समनका लागि रक्सी पिउन वाध्य हुने परिवेशको चित्रण गरेको छ । मान्छे परिस्थितिको दास हो । परिस्थितिले मान्छेलाई जस्तो पनि बाउन सक्छ । घरपरिवार छोडेर विदेश गएपछि त्यहाँ भएका साथीभाइ नै एकअर्काका परिपूरक बन्छन् । साघुँरा कोठामा एकआपसमा मिलेर बस्नु अनि एक्लोपन बिर्सन रक्सीको लत लाग्नु सामान्य बनेको छ । तातो घाममा बेल्चा चलाएर अदक्ष कामदारको रोजगारी गरिरहेका तीन थान साथीहरू एक रात मजाले मात्छन् । उब्रेको रक्सी खाएर विहान काममा जाने छत्रे सुपरभाइजरका नजरमा पऱ्यो र उसको जागीर गयो । विदेशीको भूमिमा ताता घाममा डढेर काम गर्न विवश नेपालीहरूको विवशताको कथाका रुपमा 'खजुरबोटेको रंग' देखिएको छ । विदेशी कुनै नाम गरेको रक्सीलाई नेपालीहरूले आफ्नै नामले चिनेका छन् । अल्कोहल बर्जित

मुलुकमा अल्कोहल सेवन गरेर बसेका कति नेपालीहरू छत्रे पसेजस्तै पस्छन्, कति घर फर्किन्छन् । कति जेल कोचिन्छन् । कति मर्छन् बेफ्वाँक । म पात्र अत्यन्त चिन्तित छ । हिजो राति रक्सी धोकेकामा ।

"छत्रेलाई कता लगो होला ? अल्कोहल बर्जित मुलुकमा पुलिससम्म कुरा पुग्यो भने बरबाद हुन्छ । आफू पनि पस्न बेर छैन । . . . मनैमन डिल्लेसँग रिसाएँ । आफैँसँग पनि रिसाएँ । नानाभाँती सोच्दासोच्दै दिन कट्यो ।" (पृ.१०७)

**अशोक दाइको गोल्डलिप** कथा वैदेशिक रोजगारीमै केन्द्रित छ । यायावर बनी हिँडेका असंख्य नेपालीहरू विदेशमा जस्तोसुकै काम गरेर जीवन निर्वाह गरेका छन् । नेपाली डायस्पोरा कथाका रुपमा आएको यस कथाको मूलपात्र अशोक दाइलाई सिगरेट पिउने अम्मल छ । काम गर्दैगर्दा सिगरेट पिएको फोरमेनले देखेपछि अशोक दाइ अतालिएको छ । मन तह लगाउन कामदारहरूले कुनै न कुनै अम्मल लिएकै छन् । कोही रक्सी पिउँछन्, कोही खैनी खान्छन्, कोही चुरोट पिउँछन्, र कोही यस्तै अरु अरु . . . । पीडादायी जीवनका पीडाहरूमा कामदारहरू परेका छन् । चन्द्रे, अशोक जस्तै त्यो फोरमेन पनि आप्रवासी नै हो तर उ अलिक सिनियर भएकाले र माथिल्लो पदमा भएकाले अशोकहरूमाथि हैकम जमाएको छ । कामदारलाई निर्देशन गर्नु उसको दायित्व पनि हो तर त्यसलाई कामदारहरू सकारात्मक रुपमा लिँदैनन् । म पात्र चाहिँ फोरमेनको कुरालाई चुरोटको लत छोड्ने मौका ठान्छ । अशोकलाई सम्झाउने प्रयास गर्छ तर अशोक दाइलाई म पात्रको कुराले कुनै प्रभाव पारेको छैन । भित्र कतै एकाकीपनलाई अन्त्य गर्ने बुटीका रुपमा चुरोट सल्काउनमै तल्लीन छ ।
"मैले भनेँ- यो लत पन्छाउने मौका हो । यस्तो फाइदाकारी बाध्यता जीवनमा फेरि नआउला । छोड्नुस् दाइ ।"
अशोक दाइ भित्तामा सिरानी अड्याएर अढेस लागे, डसना मुनिबाट गोल्डलिपको एक खिली निकाले अनि सल्काए झ्यार्र .... ।" (पृ.११२)

**सङ्कट** कथा पनि डायस्पोरिक कथा हो । कतारमा काम गर्ने कामदारहरूको पीडालाई कथाले देखाएको छ । कम्पनीका आँखामा कामदार मान्छे होइन, उसको मेसिन हो, जसलाई जसरी पनि चलाउन सकिन्छ । चलेन भने अर्को थपिन्छ, त्यो निकालिन्छ । कतिपय कामदारहरू आफ्नै वर्गका बिरुद्ध ठूलावढालाई चाकरी गरेर राम्रो बन्ने प्रयत्न गर्छन् । सानालाई पेल्छन् । कम्पनीले सानालाई पेलेको मन पराउँछ । उसलाई मानवीय संवेदना होइन, काममात्रै

चाहिएको छ, चाहे त्यो कामदारले खाओस् नखाओस्, बाँचोस् नबाँचोस्, पर्वाह रहँदैन । आफ्नो घरपरिवार छोडेर विदेशको ताता घाममा मजदुरी गर्दाको मजबुरी कामदार यसरी संझन्छ-
"आफ्नो भित्री इच्छा पत्ता लगाउन उसले आँखा चिम्लिएर हेर्‍यो- सातवर्षे छोरो स्कुले ड्रेसमा अगाडि आएर उभियो, छोराका पछाडि नाक, कान, घाँटी बुच्चै भएकी स्वास्नी आएर उभिई, त्यसपछि त्यो सुन्दर अनुहारलाई बुच्चो पार्ने साहू स्वास्नीका पछिल्तिर उभिएर अट्टहास गर्न थाल्यो ।" (पृ.११५)

कामदारलाई पेलेर काम लगाउनेहरूलाई नै कम्पनीले पत्याउने भएर नै कामदारहरू अत्यधिक पेलिन्छन् । मेसिनजस्तै, इन्जिनजस्तै । कामदारका रुपमा वैदेशिक रोजगारीमा जाने हाम्रा आफन्तहरूको अवस्था यस्तै छ । सिमेन्टिका बोरा बोक्ने, गिटी, बालुवा बोक्ने, प्लाष्टर गर्ने, खानलाई पनि समय नपाइने, सानातिना गल्तीमा पनि काम गरेको समयबाट पैसा काट्ने । यस्ता अनेकौँ समस्याका बाबजुद पनि हाम्रा आफन्तहरू वैदेशिक रोजगारीमा जान विवश छन् भन्ने कुरा कथाले देखाएको छ ।

**सुकुटी** कथा पनि खाडी मुलुकमा कामदारका रुपमा रहेका आम नेपालीको समस्या प्रस्तुत गर्ने डायस्पोरिक कथा हो । घरहरूमा रङ् लगाउने मजदुरहरू यसका पात्र छन् । अनेक थरी काममध्ये रङ् लगाउने कामको समूहमा पर्ने यस कथामा विदेशम ागएर काम गर्ने, कतिपय नेपालीहरूलाई ठग्ने पनि नेपाली नै हुनसक्छन् भन्ने देखाइएको छ । यसको मूल कथानक चाहिँ सुतेकै ठाउँमा मृत्यु भएको सुशीलको केन्द्रबाट घुमेको छ । सुशीलको मृत्यु भएपछि कामदार नेपालीहरूको मनस्थितिमा पहिरो गएको छ । सँगै बस्ने चारजनाबाहेक सबैलाई कम्पनीले काम जान बाध्य पारेको छ । साथीको मृत्यु हुँदा पनि काममा जानुपर्ने बाध्यात्मक अवस्था एकातिर देखियो भने अर्कातिर देश फर्कने मनोविज्ञान समूहमा विकसित भयो । कम्पनीका लागि एउटा मान्छे मर्नु एउटा इन्जिन बिग्रनु जति पनि महत्त्व रहँदैन । उनीहरूलाई मृत्यु ठूलो कुरै होइन तर साथीका लागि धेरै प्रतिशत हो र परिवारका लागि त भन्नै परेन । सुशीलको मृत्युपछि राजीनामा दिएर घर फर्कनेको संख्या ह्वात्तै बढ्यो तर रोजगारीबाट सजिलै फर्कन नसकिने कानुनी मान्यताले झन् आहत बनाएको छ । घर फर्कने र नफर्कनेबीचको मनोद्वन्द्व पनि कथामा छ । घर पर्कन नसक्नेहरू यसो भन्दा रहेछन्-
"यतै बसें भने म मात्रै मरौँला, घर गएँभने परिवारै मर्लान् । यी सबै रहर सपना सहेर बस्न बाध्य थिए ।" (पृ.१२९)

समस्या उत्पन्न भएपछि मान्छेले जस्तोसुकै कुरामा पनि विश्वास गर्छ । जस्तोसुकै काम गर्न पनि तयार हुन्छ । सुशीलको सुतेकै ठाउँमा मृत्यु भएपछि त्यस क्याम्पमा काम गर्ने सबैको मनस्थिति हतास भएको छ । अनेकथरि सपना देख्ने, डरलाग्दा कुराहरू मनमा आइरहने । काममा मन नजाने । खान मन नलाग्ने जस्ताकुरा भएपछि समूहको एउटा अलिक चतुर तर धामीझाँक्रीमा विश्वास नगर्ने मान्छेले नै केटाहरूको मनोविज्ञान बुझेर दोहामा धामी खोज्छ । धेरै खोजपछि धामी पत्ता लगाएर उसकहाँ जान्छ र समस्या बताएपछि कुलप्रसाद नामक धामीलाई ल्याएर केटाहरू बसेको ठाउँमा झारफुक गर्न लगाउँछ । सुशील मरेको कोठामा पनि अक्षता छर्न लगाउँछ । झारफुक गरेपछि केही दिन शान्त देखिए पनि त्रासको मनोविज्ञान फेरि झाँगिन्छ । धामीसँग सम्पर्क गर्दा अरबीको आत्मा भड्किएकाले आफू गर्न नसक्ने जिकिर गर्छ । अर्को हरिशरण भन्ने व्यक्तिले ढोकामा सुँगुरको मासु झुन्ड्याएपछि ठिक हुन्छ भनेकाले नेपालबाट सुँगुरको सुकुटी मगाउँछन् । अरबीहरूले सुँगुर नखाने भएकाले नेपालबाट सुँगुरको सुकुटी दोहा आउने दिपेन्द्र भन्ने मान्छेले ल्याउँछ । सुकुटी हात लागेपछि कथा पूरा हुन्छ । अनेक हन्डर खाएर पनि मान्छेहरू विदेशमा कार्यरत छन् । रोजगारीमा बस्न बाध्य छन् । तनावलाई समन गर्न अन्धविश्वासमै विश्वास गरेर भए पनि काम गर्न बाध्य भएको मनोविज्ञान कथाले प्रस्तुत गरेको छ ।

**मेसनबाट फोरमेन** कथा नेपाली लोककथालाई मिथकका रुपमा राखेर लेखिएको डायस्पोरिक कथा हो । यसले विदेशमा काम गर्ने क्रममा नयाँनयाँ कामदारले माथिल्लो तहमा पुग्न गरेको एकदिने बललाई नेपाली लोककथाको थिममा उनेर प्रस्तुत गरेको छ । भीमबहादुरले एकदिनमा असीनब्बे ब्लक जोडेको थाहापाएर म पात्रले उभन्दा बढी ब्लक जोडेर मेसनबाट फोरमेन बन्ने प्रयत्न गर्छ । भीमबहादुरले म पात्रलाई बुढो गोरु र बहर गोरु जोत्नगएको फर्केको कथा सुनाउँछ । पहिलो दिन एक सय पचास ब्लक जोडेको म पात्रले भोलिपल्ट एक सयभन्दा बढी ब्लक जोड्न सक्दैन । यो थाहा पाएपछि सुपरभाइजर मारियोले उल्टै म पात्रलाई ठगेको आरोप लगाएर गाली गर्छ । म पात्रलाई अघिल्ला दिन भीमबहादुरले सुनाएको कथाको याद आउँछ र भीमबहादुरलाई संझिरहन्छ ।

कम्पनीलाई कामदार होइन काममात्रै चाहिन्छ, त्यसैले उनीहरू कामदारको अवस्था बुझ्नभन्दा पनि काम निकाल्न मात्र चाहन्छन् । तसर्थ चम्चागिरी गरेर केही हात नलाग्ने कुराको बोध म पात्रलाई हुन्छ ।  अघिल्ला दिन जति काम निकाल्न नसक्ने फोरमेनले उसलाई भनेको कुराले पोल्छ-

बेलुका मारियो कामको रिपोर्ट लिन आउँदा उल्का रिसायो- दोस्रो दिन नै तँ मात्तिएछस् । तेरो क्षमता मलाई थाहा छ । कसरी काम निकाल्नुपर्छ, त्यो पनि मलाई थाहा छ । (पृ.१३५)

**नियत** व्यस्त सहरको दैनिकी प्रस्तुत गर्ने कथा हो । यसले काठमाण्डौको परिवेशमा जीवननिर्वाह गर्न गाउँबाट आएका बालबालिका र सहरी मनोवृत्तिलाई चित्रण गरेको छ । गाउँबाट आएका बालबालिकाहरू सोझा हुन्छन् र तिनीहरूको दैनिकी कष्टसाध्य छ भन्ने कुरा एकातिर देखाएको छ भने सँगै त्यही सहर र परिवेशले मान्छेलाई सहर अनुकूलको तुल्याएर छाड्छ भन्ने कुरा देखाएको छ । गूढमा जस्तोसुकै बालअधिकारका कुरा गरेपनि त्यही सहरमा बालबालिकाहरू श्रमिकका रुपमा काम गरिरहेका छन् । सबैलाई थाहा छ । सबै विज्ञ छन् तर देशको राजधानीजस्ता ठाउँमा गाडीका खलाँसी, होटलका वेटर, भाँडा माझ्ने, घरेलु कामदार अनेकौँ रुपमा बालबालिका श्रमबजारमा छन् । पढेलेखेका मान्छेहरू नै त्यस्ता केटाकेटीलाई काम लगाएर बसेका हुन सक्छन्, नभए पनि काम गरेको देखिरहेका छन् तर तिनका बारेमा केही भन्न चाहँदैनन्, भन्दैनन्, भन्ने कुरा सहिदगेटबाट कीर्तिपुर हिँडेको म पात्रलाई लिन सकिन्छ । जस्तोसुकै सोझो भएपनि परिवेशले मान्छेलाई छट्टु बनाएरै छाड्छ भन्ने कुरा कथामा यसरी आएको छ-यो सहरले सोझो मान्छे त कहाँ देखिसहन्छ र ! एक दिन बेलुकीसम्म उठेको पैसामध्ये हजारजति उसैले बोकिराखेको थियो । साँझ झिसमिसेतिर टेकुमा माइक्रो रोकेको बेला सुइत्त भागेको, कुन चेपमा छिर्‍योछिर्‍यो । हराएको हरायै भयो । (पृ.१४०)

## उपसंहार

जयराज भट्टराईको *'फ्राइडे कन्फ्युजन '* कथा संग्रहमा समावेश भएका अठारवटा कथाहरूमा वर्तमान समयको सामयिक चेतना समेटिएको छ । कथाहरू वर्तमान पुस्ता केन्द्री भएर आएका छन् । आजका पुस्ताको सोचअनुसार समयलाई पक्रेर हिँड्न खप्पीस भट्टराईले देशभित्रका कतिपय समस्याहरूलाई समयको आँखाले हेरेर कथा  बुनेका छन् भने कतिपय वैदेशिक रोजगारीमा आम नेपालीहरूले भोग्नुपर्ने बाध्यकारी अवस्थाको चित्रण गर्ने काम गरेका छन् । आजको समाजको जीवन्त स्वरुप प्रस्तुत गर्ने उनका कथामा भाषिक प्रयोगमा पनि नवीनता छ । आजका पुस्ताले प्रयोग गर्ने भाषा शैलीको स्वरूपलाई पनि कथाकारले सान्दर्भिक रुपमा प्रस्तुत गरेका छन् । कथाकारका आफ्नै कथाहरू छन् । आफ्नै बा आमाका कथाहरू छन् । छिमेका कथा छन् । वृद्ध बा आमाका कथा छन् । साथीसङ्गातीका कथा छन् । बढी भन्दा बढी गरिबीको चपेटामा परेर जीवननिर्वाहको भुमरीमा परेका श्रमजीवीका कथा

छन् । देशमा पनि उनीहरूकै पीडा छन् । विदेशमा पनि उनीहरूकै पीडा छन् । सहरमा पनि उनीहरूकै पीडा छन् । गाउँमा पनि उनीहरूकै पीडा छन् । कतिपय नेपाली संस्कारले छपक्कै छोपेका कथा छन् भने कतिपय अशिक्षा र अज्ञानताले पिसोल्टिएका कथा छन् । परिस्थितिको दास भएपछि मान्छेले जस्तो पनिकाम गर्न बाध्यभएका विवशताका कथा पनि छन् । राजनीतिक भ्रष्टीकरणका नमुना पनि छन् । कथाकार भट्टराईका कथाले खासगरी आज र भोलिका पुस्ताको समयचेतनालाई टपक्कै टिपेर कथामा उनेका छन् । समाजका असमानताका कुसंस्कार, विवशता, भ्रष्टीकरण जस्ता कुराको अन्त्यका लागि रसिलो र हँसिलो मुद्रामा विचार विनिमय गरेका छन् । त्यसैले यिनका कथाले समयको चेतना पस्किन सफल छन् भन्न सकिन्छ ।

## सन्दर्भ सूची


उप्रेती, सञ्जीव (२०६८) *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स ।

गौतम, देवीप्रसाद, घिमिरे, कृष्णप्रसाद (२०६८), *आधुनिक नेपाली कथा-३,* साझा प्रकाशन ।

थापा, हिमांशु, (२०४७) *साहित्य परिचय,* साझा प्रकाशन ।

धरावासी, कृष्ण, (२०७३) *लीलाबोध,* पैरवी बुक हाउस ।

पौड्याल, शालिकराम (२०२२) अनुसन्धानात्मक लेखको एपिए ढाँचा र पद्धति, *Butwal Capus Journal*, Vol.5.N.1

बराल, ऋषिराज, घिमिरे, कृष्णप्रसाद (२०६१) *नेपाली कथा भाग-३,* साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६३) *उत्तरआधुनिक ऐना,* रत्न पुस्तक भण्डार ।

भट्टराई, जयराज (२०८०) *फ्राइडे कन्फ्युजन,* सेर्गेम प्रकाशन गृह ।

भण्डारी, कृष्णप्रसाद (२०५८) *फ्रायड र मनोविश्लेषण,* साझा प्रकाशन ।

यात्री, वासु रिमाल (२०६४) *अट्ठाइस कथा,* साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८) *शक्ति, स्रष्टा र सवाल्टर्न,* डिस्कोर्स पब्लिकेशन ।